# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल,नेपाल

सचिव बैठक नं: ११
मिति: २०७५।६।१

उपस्थिति :

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री दिपेन्द्र काफ्ले, | सचिव | मख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री वसन्त अधिकारी, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री भरत मणि रिजाल, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री मान वहादुर वि के, | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव | भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री मनोज श्रेष्ठ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |
| श्री जनार्दन पौडेल | नि.सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री थानेश्वर ज्ञवाली | नि.सचिव | सामाजिक विकास मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरि घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु :

(१) बिगतका निर्णयहरुको कार्यान्वयन स्थितिको समिक्षा :

क. २०७५ श्रावण १५, भाद्र १ र भाद्र १५ गतेको सचिव बैठकको निर्णयानुसार सवै मन्त्रालयमा ई-हाजिरी जडान भईसकेको, इन्टरनेट जडान तथा मन्त्रालयको वेवसाइट अद्यावधिक भईरहेको, सवारी साधन तथा भवन व्यवस्थाका लागि प्रक्रिया अघि वढीसकेको प्रति सन्तोष ब्यक्त गरियो ।

ख. सवै मन्त्रालयहरुलाई समेटी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सार्वजनिक खरिद सम्वन्धी तालिम कार्यक्रम सञ्चालन भईसकेको र बजेट निकासा प्रक्रिया र चौमासिक खुलेको बार्षिक कार्यक्रम तयारी सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तथा मन्त्रालय/ निकायको निजी एवं स्वकीय सचिवालयको कामकारवाहीलाई प्रभावकारी वनाउन उल्लेखित कर्मचारीहरुलाई आवश्यक तालिम उपलब्ध गराउने सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने तालिम कार्यक्रम सञ्चालन गर्न बाँकी देखिएकोले सो तालिम कार्यक्रम सञ्चालन गर्ने ।

ग. सबै मन्त्रालयहरुको आन्तरिक कार्यविधि र कार्यप्रक्रिया असोज मसान्तभित्रै तयार गर्ने ।

**(२) प्रगति प्रतिवेदन सम्वन्धमा :**

क. सबै मन्त्रालयले हरेक महिना समाप्त भएको ७ दिन भित्र मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने । यसै क्रममा २०७५ भाद्र मसान्तसम्मको प्रगति देहाय बमोजिमका विषयहरु समावेश गरी असोज ७ भित्रै उपलब्ध गराउने ।

- आ.ब.२०७५/७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तयार गरिएको कार्ययोजना बमोजिम सम्पादित कार्यको प्रगति प्रतिवेदन ।
- आफ्नो विषयक्षेत्रसँग सम्वन्धित कानून निर्माणको हालसम्मको प्रगति र आगामी कार्ययोजना।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप मन्त्रालय र अन्तर्गत निकायहरुको कार्य विवरण ।
- नयाँ संगठन स्थापना र जनशक्ति व्यवस्थापनसम्वन्धी अद्यावधिक स्थिति ।

**(३) अभिलेख व्यवस्थापन :**

क. मन्त्रालय तथा मातहत निकायहरुको जनशक्तिको अद्यावधिक स्थितिसम्वन्धी अभिलेख राख्नुका साथै सोसम्वन्धी विवरण तयार गरी ७ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

**(४) कानून निर्माणतर्फ :**

क. आफ्नो मन्त्रालयबाट तर्जुमा गर्नुपर्ने कानूनको सूची, त्यसको प्राथमिकीकरण र नेपालको संविधान र कार्य विस्तृतीकरण अनुरुप प्रदेशमा बनाउन पर्ने कानूनका हकमा त्यसको पहिचान, अवधारणा पत्र तयार गरी यथासीघ्र आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती सहित प्रदेश सरकार (म.प.) बाट सैद्धान्तिक स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

ख. हालसम्म स्वीकृत कानून, सैद्धान्तिक सहमति लिएका कानून र सैद्धान्तिक सहमति नलिइ मन्त्रालयबाट तर्जुमा गरिएका वा मस्यौदा भई रहेका कानूनहरु भए सोको विवरण मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउने ।

(५) अन्य :

क. प्रदेश नं ५ को प्रथम आवधिक योजना तयारीको स्वीकृत कार्ययोजना अनुरुप कार्यदलहरु गठन भई कार्य प्रारम्भ गरिसकेकाले सबै मन्त्रालय निकायहरुले तोकिएको कार्यदलहरुमा रही सूचना उपलब्ध गराउनुका साथै योजनाको आधारपत्र तयारीमा सक्रिय भूमिका खेल्ने ।

ख. आश्विन ९ र १० गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चालन हुने प्रदेश समन्वय परिषदको बैठकका लागि सबै मन्त्रालयले आवश्यक सहयोग गर्ने ।